# संवैधानिक संकटमोचनका सम्भावित उपायहरू

**प्रा. डा. युवराज संग्रौला**

# संवैधानिक संकटमोचनका सम्भावित उपायहरू

संविधानसभाको सन्दर्भमा सृजित अहिलेको संकटलाई मोचन गर्न आधारभूत सैद्धान्तिक प्रश्नमा नै स्पष्ट हुनुपर्ने आवश्यकता छ । संविधानसभाको विगठनका पछाडि एनेकपा (माओवादी) द्वारा लामो समयदेखि तयार पारिएको खेल थियो । अतः संविधानसभाको सम्बन्धमा कुनै निष्कर्षमा पुग्नुभन्दा पहिला, एनेकपा (माओवादी) ले विगत केही यता वर्ष खेलेका खेलहरूको बारेमा पार्टीपंक्ति स्पष्ट हुनुपर्ने हुन्छ ।

क. पृष्ठभूमिमा रहेका घटनाहरू

१. संविधानसभाको निर्वाचनपूर्व निर्वाचन प्रणालीका सम्बन्धमा सहमति भइसकेपछि, नेकपा ( माओवादी) ले राष्ट्रिय सम्मलेनको आयोजना गऱ्यो, र पूर्व स्थापित सहमतिको विपरित 'समानुपातिक निर्वाचन' प्रणालीको अनुपात बढाउनुपर्ने दाबी लियो । त्यस खिचोलाबाट घोषित संविधानसभाको मितिमा निर्वाचन हुन नसक्ने अवस्था सृजना भयो । त्यसैताका भू.पू. अमेरिकी राष्ट्रपति कार्टर नेपाल आए । माओवादी नेताहरूसँग समेत उनले कुरा गरे । फर्किने क्रममा विमानस्थलमा उनले ६० प्रतिशत प्रत्यक्ष र ४० प्रतिशत अप्रत्यक्ष प्रणालीबाट सदस्यको छनौट गर्नुपेर्न सुझाव दिए । केही दिनमा यसैको वरीपरी सहमति भयो । संविधान सभाको आकार ६०१ जना हुन गयो । एनेकपा (माओवादी) को तत्कालीन खेल के थियो भन्ने कुराको विश्लेषण भएन । ठूलो संख्याको संविधान सभाको आकार उसको पक्षमा हुन्थ्यो । उसले के बुझेको थियो भने 'समानुपातिक प्रणालीबाट' निर्वाचित सदस्यहरू जनताप्रति प्रत्यक्षतः जवाफदेही नुहने भएबाट उनीहरूलाई बहकाउन सजिलो हुन्छ भन्ने कुरा उनीहरूले बुझेका थिए । अहिले संविधान निर्माणको अन्तिम सभ्यताका त्यो कुरा स्पष्ट देखिएको छ ।

२. संविधानसभाको निर्वाचनमा उसले आक्रमक शैली अवलम्बन गऱ्यो । लडाकुहरूको व्यापक रूपमा परिचालन गऱ्यो । उसको घोषित लक्ष्य संविधानसभा कब्जा गर्ने थियो । उसले विशेष समूह तयार गरेर आफ्नो स्थिति र जनताको मनोविज्ञान विश्लेषण गरेको थियो । विभिन्न देशका कम्युनिष्ट पार्टीका सदस्यहरू काठमाडौंमा आएका थिए । उनीहरूले

'अनुसन्धानमूलक ढंगबाट' तथ्यहरूको विश्लेषण गर्न सिकाएका थिए । यहि प्रयोजनका लागि संविधानसभाको निर्वाचनमा ढिलाई गरिएको थियो । यो कुरा तत्कालिन अवस्थामा पार्टीका कतिपय शिर्षस्थ नेताहरुलाई जानकारी गराइएको पनि थियो । तर नेताहरु संविधानसभा 'एमालेको' वर्चस्व कायम हुन्छ भन्ने आत्मागत विश्लेषणमा ढुक्क भएर बस्नुभयो । परिणामस्वरुप एमालेले तेस्रो स्थानमा खुम्चिनुपर्‍यो । समानुपातिकतर्फ मनोनयन गर्दा पनि थुप्रै कमजोरीहरु भए ।

३. निर्वाचन पछाडि र अगाडि उसले 'गिरिजाप्रसाद कोइराला र कांग्रेसका अन्य नेताहरूको हदैसम्मको चाकरी गर्‍यो । गिरिजा प्रसाद कोइरालालाई 'नमुना नेता' को रूपमा प्रस्तुत गर्‍यो । नेकपा एमालेलाई भत्काउने योजनामा कांग्रेसको भरपुर प्रयोग गर्‍यो र एमालेलाई 'लो प्रोफाइल' मा राख्ने प्रयत्न गर्‍यो । तर निर्वाचन पछाडि उसले रंग बदल्यो । गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपति बनाउने प्रस्ताव गरेको थियो । त्यसैले उनले निर्वाचन पनि लडेनन् । तर नेपाली कांग्रेस र एमालेका शीषस्थ नेताहरू चुनावमा लडेको स्थानमा लाडाकूहरूको व्यापक परिचालन गर्‍यो र हरायो । संविधानसभामा प्रभावशाली नेताहरू पुग्न नसकून भन्ने उसको योजना थियो । यसप्रति पनि विश्लेषण हुन सकेन ।

४. राष्ट्रपतिको पदमा एमाले र कांग्रेस दुवैतर्फ 'मोलतोल' र आस्वासन दियो । दुवै पार्टीका नेतालाई मूर्ख बनाउँदै, रामराजा प्रसाद सिंहलाई राष्ट्रपतिको पदमा खडा गर्‍यो । यी प्रवृत्तिहरु प्रष्ट भइसकेपछि पनि नेकपा एमालेमा वस्तुगत विश्लेषणको संस्कारलाई संस्थापित गर्न सकिएन ।

५. क्यान्टोनमेन्टहरूलाई पार्टीका शाखा कार्यालयको रूपमा प्रयोग गर्‍यो । अनमीनका मानिसहरूलाई सुनिएबमोजिम सबै किसिमका 'अनैतिक सुविधाहरू' समेत उपलब्ध गराएको थियो । प्रचण्डको 'भिडियो' प्रकरणबाटै यी सबै कुरा प्रष्ट हुन्छन् । क्यान्टोन्मेन्टमा भएका भ्रष्टाचार अपराध कालो धन्दा जस्ता कुराको भन्डाफोर गर्ने कार्यमा एमाले पार्टी पंक्ति सक्रिय रहेन ।

६. प्रधान सेनापति प्रकरणमा ‘कुलबहादुर’ लाई प्रधानसेनापति बनाई आर्मीलाई आफ्नो हातमा लिने भरमग्दुर प्रयास गऱ्यो । यसमा नेकपा )एमाले) को तर्फबाट समेत केही कमजोरी भए ।

७. यसै काण्डबाट सरकार लडेपछि, शहरी विद्रोहको नारा आयो र यसमा भारतको विस्तारवादी नीतिको दुहाई दिएर जनतालाई विद्रोहमा उकास्ने प्रयास गऱ्यो । तर यो उनीहरुको भारतलाई आफूप्रति आकर्षण गर्ने र विस्तारै समर्पण गर्ने नीति थियो । यसतर्फ पार्टीको कुटनीतिक सम्बन्ध र पहल कमजोर देखियो ।

८. यो योजना असफल भएपछि, उसले नेकपा (एमाले) लाई विभाजित गर्ने षड्यन्त्रको शुरुवात भयो । अन्ततः उ एमालेलाई पुनः प्रधानमन्त्रीको पदमा समर्थन गर्ने निर्णयमा पुग्यो । उसले ठूलाठूला बाचाहरूगरेपनि, उसको नियत ठिक थिएन भन्ने कुरा पछिल्ला घटनाहरूबाट स्थापित भयो । तर उसको यो खेल थियो । उसको यो खेल एमालेलाई विभाजित गर्ने षड्यन्त्रबाट भएको थियो । जुन अपमानपूर्वक ढंगबाट प्रधानमन्त्रीले राजिनामा दिनुपर्ने अवस्था सिर्जना भयो, त्यसबाट एमालेभित्र कमजोर मनोविज्ञानको सिर्जना भयो । माओवादीको खेलको यस अवस्थासम्म पनि एमालेको तर्फबाट विश्लेषण हुन सकेन । सर्वसत्तावादको खेलमा ऊ मधेशी मोर्चासँग भित्रभित्रै सहकार्यमा पुगेको थियो । ऊ भारतको इशारामा चल्न तयार भयो । यसकै कारण वैद्य पक्ष टाढिंदै थियो ।

९. यसताका प्रचण्डले चीनलाई भ्रममा पार्ने योजना बनाएर त्यसमा सरिक भएभने बाबुराम भट्टराईका त्यसताका तिनवटा भारत भ्रमणले भारतप्रति समर्पण गर्ने खेलको पनि सुरुवात भयो । वैद्य पक्ष यसबाट विस्तारै अन्तरसंघर्षमा उत्रियो । यी आन्तरिक गतिविधिहरुको विश्लेषण एमालेबाट भएनन् ।

१०. बाबुराम भट्टराईले ४ बुँदे सम्झौता सहित मधेशीमोर्चाको सहयोगमा सरकार बनाए । एक मधेश एक प्रदेशको बुँदामा सहमति गर्दा त्यस सम्झौताको विरुद्धमा एमालेका तर्फबाट सशक्त प्रतिवाद हुन सकेन ।

११. यसैबीचमा क्रिस्चियनहरू र 'फ्रि टिवेट मोभमेन्ट' का मानिसहरूसँग सहकार्य सुरु भयो । प्रचण्डका पटक पटकका विदेश भ्रमण र भट्टराईको अमेरिका भ्रमणमा यी खेलहरू त्यार पारिएका थिए । नेपालमा कार्यरत कतिपय गैरसरकारी स.स्थाहरुले फ्रिटिवेटका लागि काम गरिरहेको कुरामा पार्टी सचेत हुन सकेन ।

नेकपा एमालेले माओवादीका यी सबै खेलहरूको अनुमान गर्न र विश्लेषण गर्न सकेन । पार्टी अन्तरकलहको स्थितिमा थियो । एमाले भित्रका सबै गतिविधिहरूमा माओवादीको सक्रिय अनुगमन थियो । जब पार्टी एकता र शक्ति प्रदर्शनको अवस्थाले सकारात्मक अवस्था सृजना गऱ्यो र बैद्य पक्षको फुट सडकमा आयो माओवादी संविधानसभाको म्याद समाप्त गरी निर्वाध राज्यसत्तामा बस्ने योजनामा अगाडि आयो । उसले सतर्कताका साथ केही कदम चाल्यो, जसले उसको योजना प्रष्ट पार्दछन् ।

क. सेनामा 'पुर्नसंरचना' को कार्यक्रम पास गर्ने खेल सुरु गऱ्यो र सेनामा झण्डै झण्डै विभाजनको अवस्था शुरु गऱ्यो । त्यसो हुन नसकेपछि लडाकुहरु वैद्य पक्षमा जान र उनीहरुले हतियार लुट्न सक्ने खतरा महसुस गरी अचानक समायोजनको कार्य सम्पादन गरियो । यसलाई पपुलारिटी स्पष्टको रुपमा प्रयोग गरियो ।

ख. राजदूतहरूको नियुक्ति गऱ्यो र खासगरी युरोपेली देशहरूसँग माओवादीको 'रूप' लाई सकारात्मक पार्ने कार्य गऱ्यो । यसतर्फ अन्य पार्टीको ध्यान गएन ।

ग. शान्ति प्रक्रिया पुरा गरेको नाममा अरबौं रूपैया जम्मा गर्न सक्यो, र वैद्य समूहलाई निस्तेज गर्न सक्यो । अकुत धन जम्मा गर्ने, खास गरी मिडियामा ठूलो लगानी गऱ्यो ।

घ. अर्थमन्त्रालय मार्फत व्यापक रूपमा पार्टीको कोष निर्माण गऱ्यो । अर्थमन्त्रालयभित्र भइरहेका भ्रष्टाचारको अनुगमन एमालेबाट भएन ।

ङ. कृष्ण प्रसाद सिटौलासँगको 'सहयोगबाट' विवादास्पद ५ बुँदे सहमतिद्वारा आफ्नो वैधानिकता स्थापित गऱ्यो ।

च. कर्मचारितन्त्रको मनोवल समाप्त पार्ने कार्य गर्‍यो ।

छ. जनजाती र मधेशीद्वारा एमालेलाई यथास्थितिवादी प्रमाणित गर्ने प्रयास गर्‍यो ।

उपरोक्त खेलहरूलाई अगाडि सारेर, संविधान निर्माणमा ठूलो भूमिका खेलेको देखाउन खोज्यो । उसका दुईवटा एजेण्डाहरू थिए ।

१. शुरुशुरुका वैठकहरूमा संघीयताप्रति लचिलो देखाएर शक्तिशाली राष्ट्रपतिको व्यवस्थामा कांग्रेस र एमालेलाई सहमत पार्ने, र जनजाती र मधेशीको जमात तयारपारी संघीयताको 'जातीय' ढाँचा मान्न बाध्यगरी प्रचण्डलाई राष्ट्रपति बन्ने 'भोट बैंक' तयार पार्ने । सो गर्न सम्भव भएन भने;

२. सडकमा हिंस्रक आन्दोलन गर्दै, सहमतिको वातावरण भत्काई संविधान सभाको म्याद गुजार्ने । म्याद थप नहुने अवस्थामा सबै वार्तालाई अन्तिम समयमा केन्द्रित गर्ने र निर्वाचन घोषणा गर्ने । यस्तो निर्वाचनले संवैधानिक विवाद सिर्जना गर्ने भएबाट, एकलौटी शासन चलाई मधेशी मोर्चाको सहयोगमा सत्ता कब्जा गर्ने रणनीति बनाइयो ।

यसका सम्बन्धमा पनि नेकपा (एमाले) ले गहिरो विश्लेषण गरी समयमा नै 'काउण्टर रणनीति' तयार पार्न सकेन । कांग्रेसले यस सम्बन्धमा होसै पाएन । यी त्रुटीहरुको बारेमा व्यापक छलफल र सैद्धान्तिक अस्पष्टता प्राप्त नगरी संकटको मोचन खोजन कठिन हुन्छ ।

ख. किन संविधानसभाको विगठन गैर संवैधानिक छ ?

क. संविधान सभाको दोस्रो निर्वाचनको परिकल्पना अन्तरिम संविधान, २०६३ ले कतै गरेको छैन । अतः मन्त्रीपरिषद्लाई संविधान सभाको निर्वाचनको घोषणा गर्ने कुनै अख्तियार नै छैन । प्रधानमन्त्रीका मातहतमा रहने निकाय होइन संविधानसभा । प्रधानमन्त्री संविधानसभाको 'नेता' होइन । त्यसैले निर्वाचनका नाममा संविधानसभा विगठन गर्ने अख्तियार प्र.म. लाई छैन ।

ख. संविधान सभाको निर्वाचन गराउनका लागि संविधानको धार ४३(१) बमोजिम राष्ट्रिय सहमति र सहकार्यको आवश्यकता छ । प्रधानमन्त्रीले निर्वाचनको घोषणा मन्त्रीपरिषद्को बैठकबाट गरेका छन् । मन्त्रीपरिषद्लाई यस्तो अधिकार छैन । संविधानमा नरहेको अधिकार प्रयोग गर्ने अख्तियार प्रधानमन्त्रीलाई छैन ।

ग. २०६९ जेष्ठ १४ गते १२:०० बजे सम्म संविधान सभाको म्याद बाँकी छ । तर प्रधानमन्त्रीले २०६९।२।१४ गते नै संविधान सभाको निर्वाचन २०६९।८।७ गते गर्ने घोषणा गरेका छन् । संविधान सभाको विगठन या त म्याद समाप्त भएर यात र ससंविधान जारी भएर मात्र हुन सक्तछ । मन्त्रीपरिषद्ले संविधान सभाको बारेमा कुनै निर्णय गर्न सक्तैन । म्याद समाप्त हुनुपूर्व नै निर्वाचनको मिति घोषणा गरेबाट, संविधानसभाको को हत्या भएको प्रष्ट छ ।

घ. सर्वोच्च अदालतको अन्तिम फैसलाले निर्वाचन, जनमत संग्रह वा अन्य संवैधानिक उपाय अवलम्बन गर्न निर्देशन जारी 'गर्दा प्रधानमन्त्री र सभाअध्यक्षलाई आदेश' जारी गरेको छ । यस फैसला बमोजिम मन्त्रीपरिषद्बाट अर्को निर्वाचनको घोषणाका लागि संविधानको संशोधन प्रस्ताव व्यवस्थापिका संसदसमक्ष राख्नुपर्ने थियो । तर सभामुखसँग कुनै छलफल नै नगरी प्रधानमन्त्रीले निर्वाचनको घोषणा गरेका छन् । सर्वोच्च अदालतको फैसलाले संविधान विपरित निर्वाचनको आदर्श दिएको होइन ।

ङ. संविधान सभाले संविधान बनाउन सकेको 'हो वा होइन' भनी घोषणा गर्ने अख्तियार संविधानसभाका सदस्यहरूलाई मात्र छ । संविधान जारी हुन नसकेको कुरा प्रधानमन्त्रीले महसुस गर्ने कुरा होइन । संविधानसभाले प्रस्ताव पारित गरी संविधानमा निर्वाचनसम्बन्धी व्यवस्थालाई संशोधन गरेपछि सरकारले निर्वाचनको मिति घोषणा गर्नै सक्तछ ।

च. प्रधानमन्त्री व्यवस्थापिका संसदका नेता हुन संविधान सभाको नेता होइनन् । अतः संविधानसभा विगठन गर्ने प्रधानमन्त्रीको कार्य 'कू' सरहको कार्य हो ।

छ. संविधान जारी गर्ने र लागु गर्ने अख्तियार संविधानसभाले राष्ट्रपतिलाई दिएको छ । बहालमा रहेको संविधान सभाले आफूले संविधान निर्माण गर्न नसकेको घोषणा जारी गर्ने अख्तियार पनि राष्ट्रपतिलाई मात्र छ । अतः संविधानसभाको निर्वाचन गर्नैपर्दा 'घोषणा' गर्ने निकाय राष्ट्रपति हो, प्रधानमन्त्री होइन ।

ज. राष्ट्रपतिलाई २०६९।८।७ गते निर्वाचन गर्ने घोषणाको जानकारी दिई राष्ट्रका नाममा सम्बोधन गर्दा प्रधानमन्त्रीले 'संविधान सभामा माओवादी र मधेशी मोर्चा' मिलेर दुई तिहाई मत प्राप्त गर्ने लक्ष्यको घोषणा गरेका छन् । संविधान सभा जनादेशका लागि प्रधानमन्त्रीले विगठन गर्न पाउने निकाय होइन । मध्यावधि निर्वाचनको माध्यमबाट प्रधानमन्त्रीले जनादेश खोजेजस्तै संविधान सभाको विगठन गर्ने अख्यितार प्रधानमन्त्रीलाई हुँदैन । संविधान सभाको म्याद सकिए पछि प्रधानमन्त्रीले नैतिकताका आधारमा राजिनामा दिनुपर्छ । किनकी विगठनबाट सबै प्रक्रियहरू शुरुको अवस्थामा फकिएको राजनीतिक अवस्था संविधान सभाको विगठनबाट स्थापित हुन्छ ।

अतः एमालेमा संगठित कतिपय कानुन व्यवसायीले राखेको विचार जस्तै, निर्वाचनलाई स्वीकार्नु पर्ने र वर्तमान सरकार 'अन्तरिम सरकार' जस्तै वैध र शक्तिशाली सरकार मान्नुपर्ने अवस्था होइन । संविधानसभाको निर्वाचन घोषणा गर्ने प्रधानमन्त्रीको घोषणा असंवैधानिक तानाशाही निर्णय हो । असंवैधानिक निर्वाचनलाई स्वीकार गर्नुको तात्पर्य, निरंकुशताप्रतिको आत्मसमर्पण गर्नु हो । नेकपा एमालेका शीर्ष निकायहरु यसबारेमा स्पष्ट हुनुपर्दछ । राजनीतिक सहमतिविना र राष्ट्रिय सरकारको अभावमा निर्वाचनमा सरिक हुनु भनेको 'माओवादी प्रति' आत्मसमर्पण गर्नु हो ।

ग. संविधानसभाको विगठनबाट सिर्जना भएको राजनीतिक, संवैधानिक तथा संसदीय जटिलतालाई कसरी सम्बोधन गर्न सकिन्छ ?

वर्तमान संकटलाई विचार गर्दा सर्वप्रथम यो 'संकट' राजनीतिक संकट हो वा संवैधानिक संकट हो भन्ने कुरामा प्रष्ट हुनुपर्ने हुन्छ । यसै आधारमा संकटको मोचन 'राजनीतिक औचित्यता' को आधारमा खोज्ने वा 'संवैधानिकतावाद' का आधारमा खोज्ने हो भन्ने कुरा पनि प्रष्ट हुनुपर्छ ।

वास्तवमा भन्ने हो भने 'संविधान सभाको विगठन गर्ने गरी गरिएको निर्वाचनको घोषणा' कपटपूर्ण, षड्यन्त्रमूलक र संवैधानिक शुन्यता सृजना गर्दै राज्य सत्ता कब्जा गर्ने 'ग्राण्ड डिजाइन' बाट आएको हुँदा, वर्तमान संकट राजनीतिक षड्यन्त्रबाट सृजना गरिएको संवैधानिक संकट हो भन्न सकिन्छ । अतः संकटको मोचनमा पनि सर्वप्रथम 'राजनीतिक औचित्यता'को सिद्धान्तलाई अनुसरण गर्दै संवैधानिक समाधानको निष्कर्षमा पुग्नुपर्ने हुन्छ । अतः

क. धारा ४३(१)को आधारभूत 'संवैधानिकतावाद' को सिद्धान्तलाई अनुसरण गर्दै, सर्वप्रथम राष्ट्रपतिको आव्हान बमोजिम धारा ३८(१) को राष्ट्रिय सहमतिको सरकार निर्माण गर्नुपर्ने हुन्छ । वर्तमान काम चलाउ सरकारका प्रधानमन्त्रीले राजनीतिक पार्टीहरूलाई राष्ट्रिय सहमतिको सरकार निर्माणका लागि राष्ट्रिपतिसमक्ष आव्हान गर्नुपर्छ । प्रधानमन्त्रीले निश्चित समयसम्म यस्तो पहल गरेनन् भने राष्ट्रपतिले 'राष्ट्रिय सहमतिको सरकार' निर्माण गरी संवैधानिक जटिलता समाप्त गर्न धारा १५८ बमोजिम आदेश जारी गर्नुपर्छ । तर धारा ४३ को मर्मलाई हेर्दा, वर्तमान प्रधानमन्त्रीले राष्ट्रपतिसमक्ष आह्वान गर्दा, राष्ट्रिय सहमतिको बाटो बढी प्रभावकारी हुन्छ ।

ख. राष्ट्रिय सहमतिको सरकार गठन गर्ने सहमति सहित प्रधानमन्त्रीको नाम राष्ट्रपति समक्ष पेश गरेपछि, राष्ट्रपतिद्वारा धारा १५८ अन्तर्गत घोषित आदेशका आधारमा प्रधानमन्त्रीको नियुक्ति भई मन्त्रीपरिषद्को गठन हुनुपर्छ । धारा १५८ वमोजिम गठन भएको सरकारले व्यवस्थापिकामा बहुमत प्रदर्शन गर्नुनपर्ने अवस्था स्पष्ट छ । अतः यस धाराको प्रयोग गरी सरकारको गठन गर्न सकिन्छ ।

ग. यसरी गठित सरकारले, संविधान निर्माण गरी जारी गर्न निम्न वैकल्पिक व्यवस्थाहरू गर्न राष्ट्रपतिलाई सल्लाह दिन सक्ने छ ।

(अ). संविधानको धारा ३३, ६३(७)र ६४ लगायतका अन्य आवश्यक व्वस्थाहरू संशोधन गरी संविधान सभाको निर्वाचन, स्वरूप, कार्यकालको निर्धारण गरी निर्वाचको मिति घोषणा गर्ने । यो अधिकार प्रयोग गर्दा राष्ट्रपतिद्वारा उपरोक्त धाराहरू धारा १५८ अन्तर्गत आदेश जारी गरी संशोधन गर्नुपर्ने हुन्छ र यस्ता आदेशहरू निर्वाचित संविधानसभा/संसदले गठन भएको एक महिना भित्रमा अनुमोदन गर्नुपर्ने हुन्छ । यसमा राजनीतिक औचित्यता र आवश्यकताको सिद्धान्त लागु हुने भएबाट 'भूतलक्षी असर' को सिद्धान्त लागु हुदैन ।

*नोटः संविधान सभाको सदस्य संख्या ६०१ रहने व्यवस्था प्रति आम जनताको सहमति देखिदैन । आम जनताको संविधान सभाप्रति विश्वास रहेको पाइँदैन । निर्वाचनमा जातीयता र क्षेत्रीयता निर्वाचनका ऐजेण्डा हुने र जातीय क्षेत्रीय पार्टीहरूमा मत विभाजित भई प्रभावहीन र विवादास्पद संविधान गठन हुने सम्भावना प्रवल छ । यस समस्यालाई सम्बोधन गर्ने आधारहरूको खोजी नगरी तथा यसले सिर्जना गर्ने असरहरूको मुल्यांकन नगरी निर्वाचनमा हाम फाल्ने कार्य घातक हुन सक्तछ । यद्यपि लोकतन्त्रमा निर्वाचन नै 'निर्णय' मा पुग्ने उत्तम उपाय हो भन्ने कुरालाई पनि ख्याल राख्नुपर्ने हुन्छ । तर निर्वाचनमा जानुपूर्व निम्न कुरालाई ख्याल गर्नुपर्छ ।*

क. पार्टीको आर्थिक अवस्था र कार्यकर्ता परिचालनको सुगमता

ख. निर्वाचनको स्वच्छतालाई जोगाउन सकिने अवस्थामा रहेका चुनौतीहरूको कठोरता ।

ग. निर्वाचनका लागि विवादास्पद विषयहरूमा पार्टीको स्पष्टता वा एकताको अवस्था ।

घ. अन्य सम्भावित प्रतिकूलताहरू - जस्तै अन्तर्राष्ट्रिय माहौल र प्रभाव ।

उपरोक्त कुराहरूमा सकारात्मक पक्षहरूको बाहुलता रहेको पाइएमा निर्वाचनको चुनौतीलाई स्वीकार गर्न सकिन्छ । तर त्यसतो निर्वाचन राष्ट्रिय सहमतिको सरकारले सम्पन्न गर्नुपर्ने कुरामा कुनै सम्झौता गर्न सकिने अवस्था रहँदैन ।

(आ). संविधानको धारा ३३, ६३(७) र ६४ लाई संशोधन गरी संविधानको निर्माण 'खण्ड खण्डमा' पूरा गर्न सकिन्छ ।

क. संविधानविद्हरू, राजनीतिकशास्त्रीहरू, समाजशास्त्रीहरू, संस्कृतिविद्हरू, इतिहासकारहरू, भुगोलविद्हरू समेत संलग्न रहेको एक दक्ष संविधान मस्यौदा आयोगको निर्माण गर्ने, र त्यसले संविधानसभाबाट सहमति भएका विषयहरूलाई यथावत स्वीकार गरी मस्यौदा तयार पार्ने ।

ख. राजनीतिक दलहरूको विगत संविधान सभाको प्रतिनिधित्व अनुपातमा प्रतिनिधि रहेको राजनीतिक गोलमेचद्वारा उक्त मस्यौदालाई पारीत गरी, सो संविधानको आधारमा 'एक महिना' का लागि संविधान सभाको हैसियतले कार्य गर्ने गरी व्यवस्थापिका संसदको निर्वाचन गर्ने र संविधानलाई अनुमोदन गर्ने ।

ग. व्यवस्थापिकाले अनुमोदन गरेको संविधानमा 'दुई तिहाईले पारित हुन नसकेका शासकीय स्वरूप र संघीयताका' खास विवादित प्रश्नहरूमा जनमत संग्रह गर्ने ।

*नोट : यस प्रक्रियाले नेपाली जनताको सार्वभौमिकता स्थापित गर्नेछ । संविधान सभाको विगतको सफलतालाई पनि समाहित गर्ने छ । तर यो प्रक्रिया लामो र झन्झटिलो हुनेछ । यद्यपि संविधानको आधिकारिकता र वैधानिकतामा प्रश्न उठ्ने छैन । चुनौती पनि सानो छैन । गोलमेच सम्मेलनमा एनेकपा (माओवादी) र उसको सहयोगीले निर्णयमा सडकबाट प्रभावित गर्न संविधानसभापूर्वका खेलहरू यथावत खेल्ने छ । यसैले राष्ट्रिय सरकारको नेतृत्व उसलाई दिन सकिदैन ।*

(इ). गोलमेच वा राजनीतिक संयन्त्रको आधारमा विवादित विषयलाई टुंगो लगाउने र सहमतिका कुरामा पहिलाको संविधान सभाले समापन गरेका विषयलाई मिलाई संविधान मस्यौदा समितिले, संविधानको मस्यौदा तयार पार्ने । विगतको संविधान सभाको 'मस्यौदा/संवैधानिक समिति' लाई नै मस्यौदा समितिको मान्यता दिने । उक्त समितिले मस्यौदा तयार गरी आम जनतामा छलफलको लागि प्रेसित गरी रायसंकलन गरी मस्यौदा सुधार गर्ने । तत्पश्चात एक महिना लागि संविधान जारी गर्ने प्रयोजनका लागि विगठित 'संविधान सभालाई' धारा १५८ अन्तर्गत राष्ट्रपतिद्वारा पुर्नस्थापना गर्ने, र तत्पश्चात संसद व्यवस्थापिकामा रूपान्तरित गर्ने एक वर्षको अवधिका लागि ।

*नोट : यस्तो पुर्नस्थापित व्यवस्थापिका जातिय एवं साम्प्रदायिक संगठनको थलो हुने खतरा रहेको छ । संविधान सभाको 'अलोकप्रियता'ले गर्दा यसको वकालत गर्ने दललाई ठूलोराजनीतिक नोक्सानी हुने खतरा देखिन्छ ।*

(ई). अन्तरिम संविधानलाई 'संवैधानिक आयोगको' गठनको व्यवस्था थप गरी पूर्णता दिने । शासकीय स्वरूप र संघीयताको प्रारूपका बारेमा जनमत संग्रह गर्ने । जनमत संग्रहको परिणाम अनुसार संविधान निर्माण गर्ने । यो कार्य संसदको निर्वाचन ग री सम्पन्न गर्न सकिने छ । अन्तरिम संविधानमा व्यवस्थापिका ढाँचाको बारेमा विगत संविधान सभाले सहमति जुटाएका कुरालाई अनुशरण गरी पूर्णता दिन सकिन्छ ।

(उ). अन्तरिम संविधानमा राजनीतिक सहमतिको आधारमा 'प्रदेश र शासकीय' स्वरूपको संक्रमणकालीन व्यवस्था गर्ने । र, सो संविधानलाई पूर्ण संविधानको रूपमा ग्रहण गर्ने वा नगर्ने गरी जनमत संग्रहको आयोजना गर्ने ।

ऊ. जुनसुकै प्रक्रियालाई ग्रहण गर्दा पनि राष्ट्रिय सहमतिको आवश्यकता पर्दछ । दशेको आर्थिक विकास र मनोविज्ञान अत्यन्त कमजोर रहेको छ । यस्तो अवस्थामा प्रमुख राजनीतिक शक्तिले 'अबका तीन वर्षसम्म चक्रे प्रणालीबाट, विगतको प्रतिनिधित्वको आधारमा सरकारको नेतृत्व गरी राष्ट्रिय सरकार निर्माण गरी 'संवैधानिक

आयोगबाट' संविधानको निर्माण गरी, राष्ट्रिय संसदको निर्वाचन सम्पन्न गरेपछि, सोही संसदलाई संविधान सभासमेत कायम गरी आयोगद्वारा निर्मित संविधानलाई परिमार्जित गरी पूर्णता दिई जारी गर्ने ।

*नोटः यस उपायको विरोध हुन सक्तछ । तर सरकारमा सबै पक्षको सहभागिता हुने भएबाट, राष्ट्रिय विकासमा सकारात्मक प्रभाव पर्न जान्छ । राजनीतिक स्थिरता प्रवर्धन हुन जान्छ । कानूनको शासन प्रवर्धन हुन जान्छ । यसले मानिसमा सकारात्मक सोचको विकास हुनजान्छ ।*

उपरोक्त ढाँचा लगायत अन्य ढाँचाका बारेमा पार्टीको शीर्षस्थ नेतृत्व र बुद्धिजीवीका विचमा व्यापक छलफल भई निचोडमा पुगी, तत्काल पार्टीको जिल्ला तहसम्म छलफल गरी निष्कर्षमा पुग्न सकियो भने, पार्टीको अवस्था भावनात्मक एवं वैचारिक रूपमा सुदृढ हुने देखिन्छ ।